आज मिती २०८३ साल असार ५ गते दिउँसो १:०० बजे गोकुलगंगा गाउँपालिकाको ६१ औं कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय बमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

**तपशिल**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १, वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २, वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३, वडाध्यक्ष | | |
| ६ | श्री नबराज खड्का | वडा नं. ४, कार्यबाहक वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५, वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६, वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री दिनेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव | | |

## ६१ औं कार्यपालिका बैठकमा छलफल हुने विषयहरू (एजेन्डाहरू):

- प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था समीक्षा गर्ने सम्बन्धमा।
- प्रस्ताव नं. २: चालु आ.व. २०८२/८३ को हालसम्मको भौतिक तथा वित्तीय प्रगति समीक्षा गरी अनुमोदित गर्ने र असार मसान्तभित्र योजनाहरू सम्पन्न गर्न निर्देशन दिने सम्बन्धमा।
- प्रस्ताव नं. ३: चालु आ.व. २०८२/८३ मा खर्च हुन नसकेका बजेट शीर्षक/उपशीर्षकहरूबाट तत्काल कार्य सम्पन्न गर्नुपर्ने आवश्यक योजनाहरूमा नियमानुसार बजेट रकमान्तर स्वीकृत गर्ने सम्बन्धमा।
- प्रस्ताव नं. ४: बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको आगामी आ.व. २०८३/८४ को कुल बजेटको आकार र सिलिङ स्वीकृत गरी सभामा पेस गर्ने सम्बन्धमा।
- प्रस्ताव नं. ५: न्यायिक समितिले तयार पारेको वार्षिक प्रतिवेदन उपर छलफल गरी गाउँ सभामा पेस गर्ने सम्बन्धमा।
- प्रस्ताव नं. ६: सम्पन्न भएका योजना/आयोजनाहरु फरफारक गरी अनुमोदन गर्ने सम्वन्धमा।
- प्रस्ताव नं. ७: विषयगत समितिका प्रतिवेदनहरु अनुमोदन गर्ने सम्बन्धमा।
- प्रस्ताव नं. ८: 'गर्जाङ सामुदायिक पुस्तकालय तथा अध्ययन केन्द्र, चुचुरे' नामक संस्था दर्ताका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा।
- प्रस्ताव नं. ९: नामाडी खेलमैदान निर्माण योजनाको लागि आवश्यक बजेट व्यवस्थापन गरी भुक्तानी दिने सम्बन्धमा।
- प्रस्ताव नं. १०: सडक स्तरोन्नति योजनामा अपुग इन्धन बापतको रकम भुक्तानी सम्बन्धमा।
- प्रस्ताव नं. ११: विविध।

**निर्णयहरू:**

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कार्यपालिकाको ६० औं बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरूलाई तोकिएको कार्यदिश र समयसीमा भित्रै सम्पन्न गर्न सम्बन्धित शाखा प्रमुख तथा कर्मचारीहरूलाई जिम्मेवार बनाई तत्काल अगाडि बढाउने निर्णय गरियो।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्म सम्पन्न भएका कार्यक्रम तथा बजेटको समग्रमा भौतिक तथा वित्तीय प्रगतिको विस्तृत समीक्षा गरी प्रस्तुत प्रगति विवरण स्वीकृत/अनुमोदन गरियो। साथै, चालु आवका सम्पूर्ण योजना तथा कार्यक्रमहरू आगामी २०८३ साल असार २५ गते भित्रै गुणस्तर रूपमा सम्पन्न गरी फरफारक गर्न/गराउन सम्वन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी र अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा खर्च हुन नसकी बचत हुने देखिएका बजेट शीर्षक/उपशीर्षकहरूबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा यस पालिकाको आर्थिक कार्यविधि ऐन बमोजिम तत्काल कार्य सम्पन्न गर्नुपर्ने अत्यावश्यक योजनाहरूमा नियमअनुसार बजेट रकमान्तर गर्न स्वीकृत प्रदान गरियो।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार पारेको आगामी आ.व. २०८३/८४ को कुल बजेटको आकार, अनुमानित आय-व्यय र बजेट सिलिङ उपर छलफल पश्चात यस कार्यपालिका बैठकबाट स्वीकृत गरी स्वीकृत बजेटको रुपरेखालाई परिमार्जन सहित आगामी गाउँ सभाको बैठकमा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा न्यायिक समितिद्वारा तयार पारिएको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरियो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ र ५३ बमोजिम उक्त प्रतिवेदनलाई आगामी गाउँ सभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गोकुलगंगा गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरूबाट आर्थिक वर्ष २०८२/८३ (वा चालु आ.व.) मा सञ्चालित भई निर्माण तथा कार्यान्वयन कार्य शतप्रतिशत सम्पन्न भएका, प्राविधिक शाखाबाट नापजाँच तथा अन्तिम मूल्याङ्कन भइसकेका, अनुगमन समिति (संयोजकः उपाध्यक्ष श्री उषा देवी कार्की) बाट स्थलगत अनुगमन गरी फरफारकका लागि सिफारिस भइसकेका उपभोक्ता समिति तथा निर्माण व्यवसायीमार्फत सञ्चालित योजना/आयोजनाहरूको अन्तिम भुक्तानी तथा फरफारक कार्यलाई सर्वसम्मत रूपमा अनुमोदन गर्ने निर्णय गरियो।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ तथा गोकुलगंगा गाउँपालिकाको स्वीकृत कार्यसञ्चालन नियमावली बमोजिम गठन भएका कार्यपालिकाका विषयगत समितिहरू (सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, र सुशासन तथा क्षमता विकास समिति) बाट आफ्ना विषय क्षेत्रभित्र रही कार्यपालिका बैठकमा पेस गरिएका प्रतिवेदनहरूलाई सर्वसम्मत रूपमा **स्वीकृत तथा अनुमोदन गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ८:**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा 'गर्जाङ सामुदायिक पुस्तकालय तथा अध्ययन केन्द्र, चुचुरे' नामक सामाजिक संस्था दर्ताका लागि प्राप्त निवेदन उपर छलफल गरियो। स्थानीय स्तरमा अध्ययन संस्कृति र सामाजिक विकासमा टेवा पुग्ने देखिएकोले संस्था दर्ता ऐन तथा पालिकाको नियमावली बमोजिम उक्त संस्था दर्ताका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिकाको आयोजना तथा श्री कमला देवी मा.वि. नामाडीको व्यवस्थापनमा मिति २०८२/०८/१९ गतेदेखि २१ गतेसम्म सञ्चालन भएको पालिका स्तरीय छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम सम्पन्न गर्नका लागि खेल मैदान निर्माण कार्य गरिएको र सो निर्माण कार्यमा भएको खर्च प्राविधिक इस्टिमेट र विल बमोजिम भुक्तानी पाउन वडा नं. ५ को वडा कार्यालय, नामाडी (चलानी नं. ६२३, मिति २०८२/१०/१५ को पत्र) बाट सिफारिस भई आएकोले सोही सिफारिस बमोजिम उक्त पालिका स्तरीय छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि खेल मैदान निर्माण गर्दा भएको खर्च, कार्यालयको नियमानुसार प्राविधिक लागत अनुमान (Technical Estimate) र मूल्याङ्कन (Measurement Book/Evaluation) को आधारमा नियमानुसारको प्रक्रिया पूरा गरी विविध/कन्टेन्जेन्सी शीर्षकबाट भुक्तानी दिने सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. १०:**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. २ स्थित "गैरीगाउँ रिसोर्ट सडक स्तरोन्नति" कार्यका लागि आ.व. २०८२/०८३ मा विनियोजन भएको रु. ३,००,०००/- (अक्षरेपी तीन लाख रुपैयाँ मात्र) ले सडक खण्ड निर्माण सम्पन्न गर्न अपुग भएको भनी वडा कार्यालयको च.नं. १४५३, मिति २०८३/०३/०५ को पत्रमार्फत थप रकम उपलब्ध गराउन सिफारिस भई आएको साथै, उक्त योजना सञ्चालनका क्रममा उपभोक्ता समितिले "सुनीता आयल सेन्टर" बाट खरिद गरेको ४१७.१२ लिटर डिजेल बापतको रु. ७५,५००/- (अक्षरेपी पचहत्तर हजार पाँच सय रुपैयाँ मात्र) को कर बिजक (Tax Invoice No: T-००२३२१) भुक्तानीका लागि पेस हुन आएको विषयमा छलफल हुँदा विनियोजित बजेट अपुग भई सडक खण्ड निर्माण सम्पन्न गर्न बाधा पुगेको देखिएकाले सो योजना सञ्चालनका क्रममा इन्धन (डिजेल) बापत लागेको वास्तविक खर्च रु. ७५,५००/- (पचहत्तर हजार पाँच

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

सय रुपैयाँ मात्र) बाट कर कटाई नियमानुसारको आवश्यक प्रक्रिया र प्राविधिक जाँचबुझ पूरा गरी सम्बन्धित उपभोक्ता समितिको बैंक खातामा भुक्तानी दिने सर्वसम्मतीमा निर्णय गरियो।

**निर्णय नं. ११ (क):**

विविध सम्बन्धमा छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. ५, नामाडी निवासी श्री सार्के दमाईको छोरा, ना.प्र.नं. ३२२१ का श्री वीर बहादुर दमाई बिरामी भई उपचार गराइरहनुभएको र निजको आर्थिक विपन्नताका कारण उपचार गर्न असक्षम भई आर्थिक सहायताका लागि निवेदन पर्न आएको साथै सो सम्वन्धमा वडा नं. ५ को वडा कार्यालयको चलानी नं. १२४७, मिति २०८३/०३/०२ को सिफारिस सम्बन्धमा छलफल गर्दा निज वीर बहादुर दमाईको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको र उपचारमा सहयोग आवश्यक देखिएको हुँदा गाउँपालिकाको विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि/निर्देशिका तथा स्वीकृत बजेट र कार्यक्रमको अधीनमा रही निजको उपचारका लागि राहत स्वरूप आर्थिक सहयोग बापत रु.१५०००/- (अक्षरेपी पन्ध्र हजार मात्र) कार्यपालिकाको निर्णय बमोजिम उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ११ (ख):**

यस गोकुलगंगा गाउँपालिका वडा नं. ४, बेताली बस्ने जमुना थापामगरका श्रीमान् अम्बर बहादुर थापा मगर (ना.प्र.नं. ३९७६) को मिति २०८२/१२/०५ गते टाउकोमा गम्भीर चोट लागी प्राथमिक उपचार पश्चात् थप उपचारका लागि काठमाडौं मेडिकल कलेज अस्पताल लैजाँदा प्रयोग भएको एम्बुलेन्स भाडा व्यहोर्न परिवारको आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयको पत्र संख्या २०८२/०८३, चलानी नं. ११५२, मिति २०८३/०३/०४ को सिफारिस प्राप्त हुन आएकोले निज बिरामीको स्वास्थ्य संवेदनशीलता र परिवारको न्यून आर्थिक अवस्थालाई मध्यनजर गर्दै मानवीय सहायता स्वरूप निजलाई एम्बुलेन्स भाडा बापतको रकम रु.१५०००/-(अक्षरेपि पन्ध्र हजार मात्र) गाउँपालिकाको विपद्/नागरिक राहत कोषबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ११ (ग):**

यस गोकुलगंगा गाउँपालिका वडा नं. ४, बेताली बस्ने मनिका मगरका छोरा रिदम थापामगरलाई मिति २०८२/१/२९ गते जन्डिस रोग भई थप उपचारका लागि धुलिखेल अस्पताल लैजाँदा प्रयोग भएको सुमो गाडीको भाडा रकम व्यहोर्न परिवारको आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयको पत्र संख्या २०८२/०८३, चलानी नं. ११५१, मिति २०८३/०३/०४ गतेको सिफारिस प्राप्त हुन आएकोले उक्त सिफारिस बमोजिम बालकको स्वास्थ्य उपचारका लागि प्रयोग भएको सुमो भाडा बापतको रकम रु. १५०००/- (अक्षरेपि पन्ध्र हजार मात्र) गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रमको नागरिक आर्थिक सहायता बजेट उपशीर्षकबाट निजको आमा/परिवारलाई नियमानुसार उपलब्ध गराउने निर्णय गरियो।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

**निर्णय नं. ११ (घ):**

विविध सम्बन्धमा छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. ४ निवासी २८ वर्षीय श्री मनोज तोलाङ्गे (नागरिकता प्रमाण पत्र नं. २१-०१-७५-०४३३१) केही समयदेखि मृगौला सम्बन्धी जटिल रोगबाट ग्रसित भई हाल अप्रेसन गरी उपचाररत रहनुभएको र निजको हालसम्मको उपचारमा ठूलो रकम खर्च भइसकेको भनी प्राप्त वडा कार्यालयको पत्र संख्या २०८२/०८३, चलानी नं. ११५०, मिति २०८३/०३/०४ को सिफारिस सम्बन्धमा छलफल हुँदा, निज बिरामीको पारिवारिक आर्थिक अवस्था अत्यन्तै नाजुक/विपन्न रहेको, थप उपचार खर्च जुटाउन परिवार पूर्ण रूपमा असमर्थ रहेको र ज्यान रक्षाका लागि तत्कालै आर्थिक सहयोग आवश्यक देखिएकाले, गाउँपालिकाको "विपन्न नागरिक औषधि उपचार कोष" वा "नागरिक राहत कोष" बाट निज बिरामी श्री मनोज तोलाङ्गेलाई औषधोपचार र थप स्वास्थ्य सहयोग स्वरूप रु. १५०००/- (अक्षेरेपि पन्ध्र हजार मात्र) आर्थिक सहायता वापतको रकम निज बिरामी वा निजको एकाघरको परिवारको सदस्यलाई बैंक खाता मार्फत नियमानुसार उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ११ (ङ):**

विविध सम्बन्धमा छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. १ कार्यालयको च.नं. १४५०, मिति २०८३/०३/०४ को पत्रानुसार साविक चुचुरे गा.वि.स. वडा नं. ७ निवासी नागरिकता नं. १६९३-२११००६ का दुर्गा दास श्रेष्ठ विगत लामो समयदेखि दम, सुगर र प्रेसर जस्ता कडा रोगबाट पीडित भई उपचार गराइरहनुभएकोले निजको पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर भई औषधि उपचार गर्न कठिन भएकाले पालिकाबाट आर्थिक सहयोग पाउन सिफारिस भई आएको प्रस्ताव माथि छलफल गर्दा निज दुर्गा दास श्रेष्ठको स्वास्थ्य अवस्था र कमजोर आर्थिक स्थितिलाई मध्यनजर गर्दै निजको औषधि उपचारमा थप राहत पुगोस् भनी नियमानुसार रु. १०,०००।- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ११ (च):**

विविध सम्बन्धमा छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. १ कार्यालयको च.नं. १४५७, मिति २०८३/०३/०४ को पत्रानुसार साविक चुचुरे गा.वि.स. वडा नं. ३ निवासी डिल्ली सिं तामाङ विगत लामो समयदेखि प्रेसर, सुगर र बाथ रोगबाट पीडित भई निरन्तर औषधि खाइरहनुभएको र पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर भई उपचारमा कठिनाइ भएकाले आवश्यक सहयोगका लागि सिफारिस भई आएको प्रस्तावमाथि छलफल गर्दा जटिल रोग र आर्थिक विपन्नताका कारण उपचारमा समस्या झेलिरहनुभएका डिल्ली सिं तामाङलाई पालिकाको नियमानुसार रही रु. १०,०००।- नगद आर्थिक सहयोग सम्बन्धित व्यक्तिको बैंक खातामा भुक्तानी दिने निर्णय गरियो।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

**निर्णय नं. ११ (छ):**

बिविध सम्बन्धमा छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. ३ कार्यालयको च.नं. ६७०, मिति २०८२/०९/१४ को पत्रसाथ प्राप्त निवेदन अनुसार साविक रस्नालु गा.वि.स. वडा नं. ९ निवासी लोक बहादुर कार्कीको बुहारी तथा मान बहादुर कार्कीको श्रीमती भगवती कार्की (ना.प्र.प.नं. २१३००७/२५८) को मिति २०८२/०७/०८ गते दिउँसो १२:०० बजे साविक गा.वि.स. वडा नं. ९ रस्नालु भिमसेनथान देखि रामेछाप मन्थली अस्पताल लैजाने क्रममा मृत्यु भएको र शव पोस्टमार्टमका लागि मन्थली अस्पताल सम्म पुर्‍याउँदा एम्बुलेन्स प्रयोग गरे बापत लागेको बिल रसिद नं. ६८४ बराबरको रु. ७,०५०/- (अक्षरेपी सात हजार पचास रुपैयाँ मात्र) सोधभर्ना पाउन वडा कार्यालयबाट सिफारिस भई आएको प्रस्ताव सम्बन्धमा छलफल गर्दा प्राप्त कागजात तथा वडा कार्यालयको सिफारिस बमोजिम मृतक भगवती कार्कीको शव पोस्टमार्टमका लागि मन्थली अस्पताल सम्म लैजाँदा लागेको वास्तविक एम्बुलेन्स खर्च रु. ७,०५०/- (सात हजार पचास रुपैयाँ मात्र) निवेदक (आफन्त) को बैंक खातामा नियमानुसार रकम भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ११ (ज):**

विविध सम्बन्धमा छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. १ कार्यालयको च.नं. १४५८, मिति २०८३/०३/०४ को पत्रानुसार साविक चुचुरे गा.वि.स. वडा नं. ८ निवासी नागरिकता नं. २११००३/२७९९ की ज्ञान माया सुनुवार विगत लामो समयदेखि एउटा खुट्टा मूल नसाको रोगी भएको, नसाको अप्रेसन गरिएको र हाल अर्को खुट्टामा पनि सोही समस्या देखा परी उपचार तथा निरन्तर औषधि सेवन गरिरहनुभएको र पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भई उपचार गर्न कठिन भएकाले सहयोगका लागि सिफारिस भई आएको प्रस्तावमाथि छलफल गर्दा गम्भीर प्रकृतिको नसा रोगबाट पीडित भई निरन्तर उपचार गराइरहनुभएकी ज्ञान माया सुनुवारको स्वास्थ्य अवस्था र आर्थिक विपन्नतालाई मध्यनजर गर्दै, निजको उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले गाउँपालिकाको नियमानुसार रु. १०,०००।- रकम आर्थिक सहायता स्वरुप भुक्तानी दिने निर्णय गरियो।

काजी बहादुर खड्का
अध्यक्ष

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत